## निराजन मा. वि. आत्मनिर्भर कोष संचालन कार्यविधि २०८०

कार्यपालिकाबाट स्वीकृत मिति २०८०।०९।२५

**प्रस्तावना :**

श्री निराजन मा वि ढोरचौरका तत्कालिन प्रधानाध्यापक द्धारा परिकल्पना गरी मिति २०७८ असोज ४ गते देखि शुरुवात गरि हाल सम्म जम्मा भएको रकम रु ३८,३२,८८०।९०(अक्षेरिपी अठतीस लाख बत्तिस हजार आठ सय असी रुपैया पैसा नब्बे मात्र ) र अव उप्रान्त जम्मा हुने रकम समेतको **विद्यालय आत्मनिर्भर कोषलाई** दिगो प्रभावकारी एवं पारदर्शी बनाइ यसलाई विद्यालयको हित अनुकुल रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले विद्यालय ब्यवस्थापन समितिको अनुरोध बमोजिम सिद्धकुमाख गाउँ कार्यपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरि यो कार्यबिधि जारी गरिएको छ ।

१ **संक्षिप्त नाम र प्रारम्भ:**

क) यो कार्यविधिको नाम **"श्री निराजन मा वि आत्मनिर्भर कोष संचालन कार्यविधि २०८०"** रहेको छ ।

ख) यो कार्यविधि सिद्ध कुमाख गाउँ कार्यपालिकाले स्वीकृत गरे पश्चात श्री निराजन माध्यमिक विद्यालयको हकमा मात्र लागु हुनेछ ।

२ **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "परिकल्पनाकार" भन्नाले यस कोषको जन्मदाता वा कोष शुरुवात हुदा बखतको प्रअलाई जनाउनेछ।

ख) "संचालक समिति" भन्नाले यस कार्यविधि बमोजिम गठन भएको संचालक समितिलाई जनाउने छ।

ग) "स्मृति कोष" भन्नाले कुनै व्यक्तिको सम्झनामा निज ब्यक्तिका परिवारका सदस्यहरुले मृत्यु पश्चात खडा गरेको कोष सम्झनु पर्दछ ।

**३ कोष संचालन गर्नुका उद्धेश्यहरु:**

क) कोषमा रहेको साँवा रकम बाट आउने ब्याज रकम विद्यार्थीहरुको लागी आवश्यक पर्ने शैक्षिक सामाग्री खरिद तथा सिकाई उपलब्धी वृद्धि गर्ने कार्यमा खर्च गरिने छ।

ख) भौतिक संरचनाहरुको मर्मत सुधार गर्ने ।

ग) गरिब जेहेनदार तथा शिक्षाको पहुँच बाट बञ्चित बालबालिकाहरुलाई शिक्षामा प्रोत्साहन गर्ने ।

**४ संचालक समिति :**

कोषको संचालन, रेखदेख र व्यवस्थापनको लागि देहायको एक कोष संचालक समिति रहने छ ।संचालक समितिको निर्णय बेगर कोषबाट कुनै पनि रकम खर्च गरिने छैन ।

क) विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष -अध्यक्ष

ख) शिक्षक अभिभावक संघका अध्यक्ष -सदस्य

ग) कोषको परिकल्पनाकार -सदस्य (आजीवन)

ग) यस कोष अन्तर्गतमा संचालित विभिन्न स्मृति कोषका दाता परिवार बाट १/ १ जना -सदस्य

घ) विद्यालय कर्मचारी लेखापाल -सदस्य

ङ) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

**५ संचालक समितिको काम कर्तव्य**

क) कोषलाइ मर्यादित तथा प्रभावकारी रुपमा संचालन गर्ने प्रमुख जिम्मेवारी संचालक समितिको हुनेछ।

ख) कोष संचालनको कार्यविधि संशोधन गर्नु पर्ने भएमा संचालक समिति बाट निर्णय गरी गाउँपालिकामा लेखि पठाउने

ग) कोष वृद्धिका लागी पहल गर्ने ।

घ) कोषको रकम प्रभावकारी रुपमा विद्यालयको हित अनुकुल खर्च गर्ने र आय व्ययको विवरण राख्ने।

ङ) आवश्यकता अनुसार बैठक बसि विभिन्न निर्णयहरु गर्ने ।

**६ बैंक खाता:**

यो कोषको खाता नेपाल सरकारबाट “क” वा “ख” वर्गको मान्यता प्राप्त बैंकमा तपसिलका पदाधिकारीको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

क) विद्यालयको प्रधानाध्यपक

ख) परिकल्पनाकार आजीवन सदस्य

ग) विद्यालय कर्मचारी लेखापाल

**७ कोष संचालन प्रक्रिया:**

क) बिभिन्न दाताहरुबाट कोषमा जम्मा भएको रकम मुलधनका रुपमा आजिवन रहने छ

ख) मुलधन बाट प्राप्त ब्याजको २० प्रतिशत रिकरिङ डिपोजिटमा जम्मा हुदै जाने ब्यवस्था गर्न बैक सँग सम्झौता गरिने छ ।

ग) यस कोषका परिकल्पनाकारको शेष पछि निजको परिवार मध्येबाट इच्छाएको एक जना सदस्य समितिको सदस्यको रुपमा रहने छन।

घ) यो कोष बाट प्राप्त हुने ब्याजदरका लागि प्रत्येक १०/१० बर्षमा बैंक सँग अध्यावधिक गर्न सम्झौता गरिने छ ।

**९ अन्य कोष जम्मा हुने:**

यस कोष खडा हुन पुर्व सञ्चालन गरिएको निराजन मा. वि. आर्थिक कोष र विभिन्न समयमा संकलन हुने स्मृति कोष बापतको रकम यसै कोषको मुलधनको रुपमा जम्मा गरिनेछ ।

**१०.विविध:**

क) यस कोषका परिकल्पनाकार आफु प्रधानाध्यापक रहँदा सम्म राज्यले दिने मासिक प्रधानाध्यापक भत्ता यसै कोषमा जम्मा गर्नु हुनेछ र उक्त पदमा नरहँदा राज्य बाट लिने सुविधाको २ प्रतिशत रकम यस कोषमा जम्मा गर्नु हुने छ ।साथै निजको जीवन पश्चात उहाँले यस कोषका लागी भने नेपाल लाइफ इन्सुरेन्समा बिमा गर्नु भएको म्यादी बिमा बाट रु २००००० अक्षेरुपि दुई लाख रुपैया मात्र यस कोषमा उहाँको परिवार बाट जम्मा गरिने छ ।

**१०. कार्यविधि संशोधन:**

यो कार्यबिधि संशोधन गर्नु पर्ने भएमा विद्यालय व्यवस्थापन समिति र कोष सञ्चालक समितिको निर्णय गरि सिद्धकुमाख गाउँपालिकाको कार्यालय लाई अनुरोध गर्न सकिने छ ।तर कोषको मुल धनलाई खर्च गर्नको लागी कार्यविधि संशोधन गर्न पाइने छैन ।

**११. बचाउ:**

यस कार्यविधि जारी हुनु पुर्व कोषबाट प्रचलित कानुन बमोजिम गरिएको खर्च यसै कार्यविधि बमोजिम भएको मानिने छ ।